

प्रमिला गिरी, भैरव, धातु

SIRJANĀ
The Journal of Arts and Art Education
Vol. X, 2024: 76-91
Sirjana College of Fine Arts

# प्रमिला गिरीका आधुनिक मूर्तिकलामा आद्यरूप : प्रघटनाशास्त्रीय सौन्दर्य अभिव्यक्ति

**ओम खत्री**

## लेखसार

*आद्यरूपी अर्थात् 'आर्किटिपल' (Archetypal) आधुनिक शैलीका मूर्तिहरु प्रत्यक्ष अनुभवको सौन्दर्य अभिव्यक्तिका माध्यम बनेका छन् । प्रस्तुत अध्ययनको उद्देश्य प्रमिला गिरीका आद्यरूपी मूर्तिकलाका कलात्मक अभिव्यक्तिहरूमा निहित मानवीय मूल्य तथा यससँग सम्बन्धित कला र संवादको अन्वेषण गर्नु रहेको छ । यस अध्ययनमा कलाकारको प्रत्यक्ष अनुभव एवम् नेपाली संस्कृति र संज्ञानमा जरा गाडिएको प्रघटनाशास्त्रीय आद्यरूपी मूर्तिकलामा सौन्दर्य चेतनाको विश्लेषण गरिएको छ । यो अध्ययन गुणात्मक एवम् वैयक्तिक दृष्टिकोणमा आधारित रहेको छ । कलाकारका रचनाहरूमा उनको संज्ञान र दृष्टिकोण कुनै न कुनै रूपमा दोहोरिएर आएको देखिन्छ । यस्तो एकत्रित विचारको सार्वभौम विम्ब नै मूलरूप अर्थात आद्यरूप (Archetypes) हो । यो अध्ययन समसामयिक नेपाली मूर्तिकलाका क्षेत्रमा शास्त्रीय मूलरूप र नवीन सौन्दर्यगत अभिव्यक्ति बिचको अन्तरक्रियालाई उजागर गर्दै घटनाविज्ञानको जटिलतामा केन्द्रित रहेको छ ।*

**सूचक शब्दहरू** : आद्यरूपी मूर्तिकला, प्रघटनाशास्त्रीय अनुभव, आधुनिक मूर्तिकला, सौन्दर्य अभिव्यक्ति

## परिचय

आधुनिक नेपाली मूर्तिकलाले प्राचीन परम्परा र सांस्कृतिक आख्यानमा भिजेर विश्वव्यापी समकालीन मोड लिएको पाइन्छ । यस परिवर्तनबिच विकसित आधुनिक नेपाली मूर्तिकलामा सौन्दर्य अभिव्यक्ति र मूलरूप अर्थात् आद्यरूपको गहिरो अनुसन्धानको मार्ग रोचक रहेको छ । स्विस मनोविज्ञ कार्ल युङ (इ. सं. १८७५-१९६१) का अनुसार मानवीय अनुभव कैयौं पिंढीमा क्रमिक रूपले दोहोरिरहेको हुन्छ, र मानव मनस्थितिमा स्थायी रूपले एकत्रित रहेको त्यही विचार नै मूलरूप वा आद्यरूप (archetypes) हो (भण्डारी, २०५) । आद्यरूपलाई मूलतः प्राचीन परम्परा, सांस्कृतिक आख्यान तथा विम्बहरूको सामूहिक अचेतन मनको अभिव्यक्तिका रूपमा लिने गरिएको पाइन्छ । आद्यरूप अर्थात् 'आर्किटाइप्स'का बारेमा युङका परिणामी अनुमानहरु सबै उनीहरूको स्रोतमा सपनाका प्रतीकहरु मार्फत

विगतका विचारहरू पत्ता लगाउने उद्देश्यले बनाइएका थिए (Langer, 1953) । वास्तवमा नेपाली आधुनिक आद्यरूपका मूर्तिकलामा सौन्दर्य अनुभवको घटना सांस्कृतिक आख्यान, आध्यात्मिक प्रतीकवाद र कलात्मक अभिव्यक्तिको खोज रहेको पाइन्छ । शताब्दीऔँदेखि चल्दै आएका पुराना परम्परामा टेकेर समकालीन प्रवाहसँग विकसित भएको नेपाली मूर्तिकलाले अर्थ र व्याख्याको समृद्ध चित्रपटलाई मूर्त रूप दिएको छ ।

सौन्दर्य अनुभवको जगमा आकृति अर्थात् 'फर्म' (form) र सामग्रीबिच अन्तरक्रिया निहित रहेको हुन्छ । आधुनिक नेपाली मूर्तिकारहरूले कुशलतापूर्वक परम्परागत आद्यरूपी आकृतिहरूलाई आधुनिक संवेगसँग घोलेर विगत र वर्तमान दुवैसँग मिल्दाजुल्दा कामहरू सिर्जना गरेको पाइन्छ ।

काठमाडौँको सुनधारामा अवस्थित नेपाल टेलिकम कार्यालय परिसरमा स्थापित प्रमिला गिरीका आधुनिक मूर्तिमध्ये 'गणेश' पनि एक रहेको छ । देवीदेवता, पौराणिक आकृति एवम् विम्बहरूमा दृश्यमान प्रतीकात्मक महत्त्वका तत्त्वहरूले सिर्जनामा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

नेपाली मूर्तिकलामा निहित सौन्दर्यको सर्वाधिक उल्लेखनीय पक्ष भनेको तिनमा विद्यमान आध्यात्मिक भावको स्पष्ट अनुभूति हो । चाहे ढुङ्गामा कुँदिएका आकृतिहरू हुन् वा धातु, काठ वा माटोमा बनाइएका रूपाकृतिहरू हुन् – यस्ता कलाकृतिले ईश्वरीय अनुभूतिको क्षेत्रमा प्रवेशद्वारको रूपमा काम गर्छन् । यसबाहेक नेपाली मूर्तिकलाको सौन्दर्यानुभूति सांस्कृतिक आख्यान र सामूहिक स्मृतिका जरासम्म गहिराइमा पुगेको देखिन्छ । प्रायः यस्ता मूर्तिकलाले कथा र भावनात्मक सन्देश दिएका हुन्छन् । ती मूर्ति पौराणिक वा ऐतिहासिक कथामा आधारित रहेका हुन् वा धार्मिक दृष्टान्त हुन् – ती भावनात्मक हुन्छन् । यी कलाका माध्यमबाट मूर्तिकारहरूले सांस्कृतिक सम्पदाको प्रभावयुक्त भावाव्यक्तिलाई सुनिश्चित गर्दै प्राचीन ज्ञान र परम्परालाई युगान्तकारी बनाउँछन् । त्यस्तै, नेपाली मूर्तिकलामा सौन्दर्य अनुभवको घटनाक्रम स्वाभाविक रूपमा व्यक्तिपरक रहेको पाइन्छ ।

प्रघटनाशास्त्र (phenomenology) भन्नाले अनुभवमा आधारित संरचनाको दार्शनिक अध्ययन भन्ने बुझिन्छ । यस दृष्टिकोणको विकास अस्ट्रियन-जर्मन दार्शनिक तथा गणितज्ञ एड्मड हर्सेल (इ. सं. १८५९-१९३८) ले गरेका थिए भने यसलाई पछि फ्रान्सेली दार्शनिक मौरिस मर्ले-पोँटीले (इ. सं. १९०८-६१) विषयगत अनुभव र वैयक्तिक चेतनाका रूपमा अगाडि बढाएका थिए । कलामा पनि सौन्दर्य अनुभवको घटनाक्रम स्वाभाविक रूपमा व्यक्तिपरक रहेको पाइन्छ । प्रघटनाशास्त्रबाट कुनै पनि तर्क वा अर्थको विवेचना गर्न सकिन्छ (Foucault and Faubion, 1998) । यसले प्रत्यक्ष अनुभवको विश्लेषण गर्नका लागि योगदान पुऱ्याउँछ । संरचनाको अध्ययनले कलामा दर्शकहरूलाई व्यक्तिगत स्तरमा कलाकृतिसँग संलग्न हुन आमन्त्रण गर्छ । कलाको भावनात्मक प्रतिध्वनि, बौद्धिक उत्प्रेरणा र यसले प्रदान गर्ने आध्यात्मिक अन्तरदृष्टिले सौन्दर्य अनुभूतिको समृद्धिमा योगदान पुऱ्याउँछन् । यसबाट कलाकृति र दर्शक बिचको संवादलाई समृद्ध बनाउँदै बहसलाई निजी दृष्टिकोण, स्मृति र भावनामा केन्द्रित रहन सघाउ पुग्छ ।

तसर्थ आधुनिक आद्यरूपी मूर्तिकलामा उल्लिखित दार्शनिक तथ्यहरूलाई आधार मानेर वैदिक धर्म र संस्कृतिका दृष्टिबाट प्रमिला गिरीका आधुनिक मूर्तिकलाका आयामहरूबारे प्रस्तुत लेखमा अध्ययन गर्ने प्रयास गरिएको छ । गिरीका वातावरणीय आद्यरूपी 'गणेश', 'यती', 'तेस्रो नेत्र' र 'भैरव शृङ्खला'का मूर्तिहरूमा यो अध्ययन केन्द्रित रहेको छ । सचेत अवलोकनका आधारमा आद्यरूपी मूर्तिकलाको सौन्दर्यको उद्देश्य र चेतना एवम् अन्तरविषयक अनुभवका दृष्टिकोणबाट गरिएका व्याख्या र विश्लेषणले अध्ययनको नयाँ ढोका खोलेको छ । प्रत्यक्ष अनुभवबाट आधुनिक मूर्तिकलामा कसरी नवीन संवेगात्मक आयाम, सांस्कृतिक ज्ञान र आध्यात्मिक प्रतिध्वनिद्वारा मूर्तिकलाले आकार पाउन पुगेको छ भन्ने विषयलाई यहाँ विश्लेषण गरिएको छ ।

आधुनिक नेपाली आद्यरूपी मूर्तिकलामा सौन्दर्य अनुभवको प्रघटना एक बहु-पक्षीय यात्रा हो । यसभित्र आध्यात्मिकता, संस्कृति र व्यक्तिगत धारणा समेटिएका छन् । कलाको रूप र सामग्रीको सम्पूर्णताका माध्यमबाट नेपाली मूर्तिकारहरूले समय र स्थानलाई फड्को मार्ने कलाकृतिहरू सिर्जना गरेका छन् । ती कलाकृतिले दर्शकहरूलाई मानव आत्माको गहिराइ र ब्रह्माण्डका रहस्यहरू अन्वेषण गर्न आमन्त्रण गर्छन् ।

## अध्ययन विधि

प्रघटनात्मक परिप्रेक्ष्यमार्फत आद्यरूपी मूर्तिका वैयक्तिक रूपमा अध्ययन गर्नाले व्यक्तिले आफ्नो धार्मिक र सांस्कृतिक जीवनमा प्रत्यक्ष रूपमा गरिने अभ्यास र यसमा निहित आस्थाका प्रतीकलाई बुझ्छन् वा अनुभूत गर्छन् ।

यस सन्दर्भमा यहाँ केही मानकहरूलाई आधार बनाई निश्चित गुण भएका आद्यरूपका आधुनिक मूर्तिकलाबारे अध्ययन गरिएको छ । यसमा गुणात्मक अध्ययनको दृष्टिकोणबाट प्रत्यक्ष अवलोकन गरी विधि र विधानका अतिरिक्त सर्जक (मूर्तिकार) र दर्शकका भोगाइसँग साक्षात्कार गर्ने प्रमुख उद्देश्य रहेको छ । यसका लागि कला कार्यशाला, प्रर्दशनी र विविध स्थलमा स्थापित धार्मिक तथा आधुनिक मूर्तिहरूको स्थलगत अवलोकन, आधुनिक मूर्ति विधाका स्रष्टा तथा भावकहरूसँग अन्तरक्रिया गरेर प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । यसबाट आद्यविम्बसँग सम्बन्धित उनीहरूको व्यक्तिगत अनुभव, भावना र आस्थालाई खोतल्ने प्रयास गरिएको छ ।

त्यस अतिरिक्त ती मूर्तिबारे व्याख्या र विश्लेषण गर्नका लागि पूर्वप्रकाशित केही लेख रचनाहरूबाट पनि सहायता लिइएको छ । विशेषतः धार्मिक तथा सांस्कृतिक विषयको सेरोफेरोमा रही रचना गरिएका आधुनिक मूर्तिहरूको मूलरूपसँगको तादात्म्यका तथ्याङ्लाई आधार मानिएको छ । यी तथ्यको प्रमाणीकरण एवम् विश्वसनीयताका लागि प्रघटनाशास्त्रीय दृष्टिकोणबाट कलाकार तथा भावकको प्रत्यक्ष अनुभवबाट आउने परिणाममुखी मानकको खोजी गर्ने भित्री उद्देश्य रहेको छ । यसका लागि तल उल्लिखित बुँदाहरूलाई आधार बनाइएको छ ।

**संवेद्य संलग्नता** : आद्यरूपको प्रत्यक्ष अवलोकन गर्ने सन्दर्भमा संवेद्य पक्षहरूको अन्वेषण गरिएको छ । यसमा कलाको दृश्यगत उपस्थिति, स्पर्श गुण, सौन्दर्य भाव र यसको वरिपरि पहिलेदेखि नै गरिने अनुष्ठानहरूसँग सम्बन्धित रङ, ध्वनि र गन्धहरू समावेश रहेका छन् । यी संवेद्य अनुभवहरूले भगवान्

शिव र गणेशलगायतका आकृतिबारे समग्र धारणा निर्माणमा योगदान पुऱ्याउँछन् । अतः यहाँ लेखक स्वयम्का संवेदनालाई पनि विश्लेषणका लागि सहायक बनाइएको छ ।

**प्रतीकवाद र पौराणिक आख्यान** : वैदिक देवीदवतासँग सम्बन्धित प्रतीकात्मक अर्थ तथा पौराणिक आख्यानहरूको सम्बन्धलाई केलाउने प्रयास गरिएको छ । यी कथाले व्यक्तिगत अनुभवका आधारमा आद्यरूपलाई बुझ्ने र व्याख्या गर्ने तरिकालाई कसरी आकार दिन सक्छन् भन्ने कुरालाई केलाउने प्रयास गरिएको छ ।

**सांस्कृतिक र सामाजिक सन्दर्भ** : क्षेत्रीय भिन्नता, धार्मिक अभ्यास र सामुदायिक अनुष्ठानहरु सहित धार्मिक आद्यरूपको व्याख्यामा प्रभाव पार्ने सांस्कृतिक एवम् सामाजिक मानकहरूबारे विचार गरिएको छ । यी मानकले आदिमूर्ति वरपरका अनुभव र विश्वासका विविधतामा कसरी योगदान गर्छन् भनी तिनका माध्यम तथा रचना विज्ञानलाई समेत मनन गरिएको छ ।

**भावनात्मक र आध्यात्मिक आयामहरू** : देवीदेवताका विम्बद्वारा प्राप्त भावनात्मक र आध्यात्मिक प्रतिक्रियाहरु, जस्तै : विष्मय, आदर वा भक्तिका भावनाहरूबारे पनि अन्वेषण गरिएको छ । यी भावनात्मक प्रतिक्रियाले आद्यरूपको सामना गर्ने समग्र घटनापूर्ण अनुभवमा कसरी योगदान दिएको छ, सो पहिल्याउने प्रयास गरिएको छ ।

आधुनिक मूर्तिकलामा प्रघटनात्मक परिप्रेक्ष्यबाट आद्यरूपसँग संलग्न भएर अन्वेषकहरूले बहुआयामिक तरिकाहरूमा अन्तरदृष्टि प्राप्त गर्न सक्छन् । तिनमा व्यक्तिहरूले समग्र आस्था र धर्मका सन्दर्भमा आधुनिकतामा आद्यप्रतीकहरूलाई अनुभव गर्ने र बुझ्ने गरेका हुन्छन् ।

यस अध्ययनमा प्रमिला गिरीका वातावरणीय आधुनिक मूर्तिहरु 'तेस्रो नेत्र', 'गणेश', 'यती' र 'भैरव शृङ्खला'का मूर्तिहरूलाई अध्ययनको प्रमुख आधार बनाइएको छ ।

## आधुनिक नेपाली मूर्तिकलामा आद्यरूपको अन्वेषण

आद्यरूप भन्नाले मूलरूपमा अन्तर्निहित विश्वव्यापी प्रतीक र विम्बहरु, आख्यान, धर्म र संस्कृतिका प्रभाव आदिले आधारभूत तत्त्वका रूपमा काम गरेको देखिन्छ । त्यस्तै, हाम्रा पूर्वजहरूबाट विरासतका रूपमा पाइएका व्यवहार, आदर्श, प्रतीक चिह्न, आलङ्कारिक बुट्टाहरु आदिले हाम्रो समाजको सामूहिक अचेतनमा सांस्कृतिक सम्पदा प्रतिविम्बित भएको हुन्छ । भगवान् शङ्कर आद्ययोगी भएकाले यहाँ प्रतीक विम्बले शैव पक्षलाई सुदृढ बनाउँछ र धेरैले यसलाई शङ्करनारायण अर्थात् हरिहर (आधा शिव र आधा विष्णु)का रूपमा पूजा गर्छन् (Shepherd & Vajrācārya, 1973) । बौद्ध धर्मावलम्बी नेवारहरूले नीलकण्ठ लोकेश्वरका रूपमा पूजा नगरेर बरू 'भुजसी नारायण द्योः'का रूपमा पूजा गरेको पनि तिनका अध्ययनमा उल्लेख गरिएको पाइन्छ । यी आद्यरूपहरु परम्परागत धार्मिक प्रतिमाशास्त्रदेखि सामाजिक गतिशीलता र अस्तित्वगत विषयवस्तुको समकालीन व्याख्यासम्म विविध रूपहरूमा प्रकट भएका छन् ।

आधुनिक नेपाली मूर्तिकलाको अन्वेषणका क्रममा देवीदेवता र पौराणिक प्राणीहरु तथा प्रकृति र आध्यात्मिकताका प्रतीकहरु जस्ता आद्यरूपहरूको स्थायी उपस्थिति पाउन सकिन्छ । प्रमिला

गिरीका आधुनिक शैलीमा रचित 'गणेश', 'तेस्रो नेत्र', 'यती'का अतिरिक्त 'भैरव शृङ्खला'का रचनाहरूमा शिवको भयानक स्वरूपलाई सरलीकृत विम्बात्मक आद्यरूपी आकृतिहरू देखिन्छन् । ती मूर्तिमा कलाकारको आफ्नो धर्म र संस्कृतिको प्रत्यक्ष प्रभाव एवम् अनुभवको सारलाई प्रस्तुत गरिएको पाइन्छ ।

## प्रघटनाशास्त्रीय सौन्दर्य अभिव्यक्ति

'फेनोमेनलोजी' अर्थात् प्रघटनाशास्त्रले कुनै पनि वस्तु अथवा विषयप्रति दर्शकको मनमा रहेका अर्थ र महत्त्वबारे अध्ययन गर्ने गर्छ । प्रघटनाशास्त्रलाई अवस्थाअनुसार बुझ्ने गरिएको पाइन्छ । यसले अस्तित्वको प्रश्नको मार्गदर्शन चेतनामा विशेष आवृत्ति गर्छ (Desmond, 2003) । यस सन्दर्भमा जर्मन दार्शनिक मार्टिन हाइडेगर (इ. सं. १८८९-१९७६) को पनि सधैं आधुनिक विचारमा आफू स्वयम्लाई परिवर्तन गर्नुपर्छ भन्ने धारणा रहेको पाइन्छ । हाइडेगरका शब्दहरूमा भन्नुपर्दा 'फेनोमेनोलोजी'ले मुख्यतया विधिको अवधारणालाई बुझाउँछ । यसले दार्शनिक अनुसन्धानका वस्तुहरूको 'के' लाई उनीहरूको सामग्रीको सन्दर्भमा होइन तर यस्तो अनुसन्धानको 'कसरी' भन्ने विशेषता दिन्छ (Gault and Lopes, 2005) । यसले कुनै पनि वस्तुको रचना गर्ने विधिलाई प्राथमिकता दिने कुरालाई प्रस्ट्याउँछ । आधुनिक नेपाली मूर्तिकलामा सौन्दर्य अभिव्यक्तिले भावना, कथा, मिथक र संवेगात्मक अनुभवहरूको समृद्ध 'टेपेस्ट्री' (tapestry) लाई समेट्छ । घटनामूलक अनुसन्धानलाई मनन गर्दै कलाका सम्बन्धमा कलाकार र दर्शकहरूको व्यक्तिपरक अनुभवहरू समान रूपमा हेरिनुपर्छ । मूर्तिकलामा सतहको स्पर्शी गुणहरू, प्रकाश र छायाका अन्तरक्रिया तथा प्रतीकवादको उद्बोधक शक्ति गहन अनुभूति प्रतिध्वनित हुने खालका सिर्जना गर्न अभिप्रेरित गर्छ ।

मूर्तिकलामा 'फिनोमेनोलजी'ले घटनाशास्त्रीय दृष्टिकोण अर्थात 'लेन्स'मार्फत कला कार्यको अध्ययन र व्याख्यालाई बुझाउँछ । दार्शनिकको दृष्टिकोणले वस्तु र घटनाहरूको प्रत्यक्ष अनुभव र धारणालाई जोड दिन्छ । मूर्तिकलाको सन्दर्भमा यसको अर्थ दर्शकहरूले मूर्तिकलालाई भौतिक, संवेद्य र वैयक्तिक रूपमा कसरी अनुभव गर्छन् र अन्तरक्रिया गर्छन् भन्ने कुरामा ध्यान केन्द्रित गर्नु हो ।

विशेषतः मूर्तिकलालाई घटनाविज्ञानका मुख्य पाँच ओटा पक्षहरूबाट स्पष्ट गर्न सकिन्छ :

**मूर्त अनुभव** : मूर्तिकलासँग दर्शकको शारीरिक संलग्नतालाई जोड दिँदै यसलाई चाल, स्पर्श र स्थानीय जागरूकतामार्फत कसरी अनुभव गरिन्छ भनेर विचार गरिन्छ ।

**बोध र उपस्थिति** : मूर्तिकलालाई तत्क्षणमा कसरी बुझिन्छ, यसले कसरी ठाउँ लिएको छ र दर्शक समक्ष कसरी प्रस्तुत गर्छ भन्ने कुरामा ध्यान केन्द्रित गरिन्छ ।

**माध्यम** : मूर्तिकलामा प्रयोग गरिएका माध्यम अर्थात् सामग्रीहरू र तिनले दर्शकको संवेगात्मक अनुभवमा कसरी योगदान गर्छन् भन्ने कुरालाई विचार गरिन्छ ।

**सन्दर्भ र वातावरण** : प्रदर्शनी कक्ष वा स्थलको आन्तरिक एवम् बाह्य वातावरण र सांस्कृतिक सन्दर्भसहित यसको समग्र धारणामा मूर्तिकलाको पारिवेशिक प्रभावलाई बुझ्ने प्रयत्न गरिन्छ ।

**अस्थायी पक्षहरू** : मूर्तिकलाको धारणा कसरी

समयसँगै परिवर्तन हुन सक्छ, सोबारे एकल वा पटक पटकका अवलोकन र विभिन्न भ्रमणहरूमा प्रतिविम्बित भएको हुन्छ ।

मूर्तिकलामा घटनाविज्ञानले कलालाई बुझ्नका लागि एक समग्र दृष्टिकोण निर्माण गर्छ । यो वैचारिक वा ऐतिहासिक पृष्ठभूमिमा मात्र सीमित नभएर जीवनको अनुभव र कामसँगको प्रत्यक्ष अन्तरक्रियामा आधारित रहेको हुन्छ ।

## परम्परा र नवप्रवर्तनका अन्तरक्रिया

आधुनिक नेपाली मूर्तिकलाको केन्द्रबिन्दुमा परम्परा र नवप्रवर्तन बिचको गतिशील अन्तरक्रिया निहित रहेको पाइन्छ । प्राचीन कलात्मक परम्परामा गहिरो जरा रहेको भए पनि समकालीन नेपाली मूर्तिकारहरूले माध्यम, प्रविधि र वैचारिक ढाँचाका सीमालाई धकेल्दै प्रयोगलाई अँगालेका छन् । शास्त्रीय परम्परा र नवीनताको यस समागमले सांस्कृतिक सम्पदामा आधारित र आधुनिक जीवनका आयामहरूसँग मिल्दाजुल्दा कलाकृतिहरूको जन्म हुनपुग्छ । यसले कालातीत विषयवस्तुमा नयाँ दृष्टिकोण प्रदान गर्छ ।

तसर्थ मूर्तिकलामा मूलरूप र घटनाविज्ञानको एकीकरणलाई निम्नलिखित बुँदाअनुसार हेर्न सकिन्छ :

**समग्र समझ** : मूलरूपको विश्लेषण र घटनात्मक अनुभवको संयोजन गरेर, 'गणेश' लगायतका मूर्तिहरूको गहिरो र अधिक रूपमा समग्र बोध प्राप्त गर्न सकिन्छ । आद्यरूपको महत्त्वले विश्वव्यापी प्रतीक र विषयवस्तुमा अन्तरदृष्टि प्रदान गर्छ । अपितु घटनाविज्ञान मूर्तिकलाको व्यक्तिनिष्ठ अनुभवमा केन्द्रित रहेको हुन्छ ।

**प्रासाङ्गिक समृद्धि** : मूलतात्त्विक व्याख्याहरूले मूर्तिकलासँग संवेद्य र स्थानीय अन्तरक्रियाहरु पछाडि निहित गहिरो अर्थलाई प्रकाश पारेर घटनात्मक अनुभवलाई सूचित गर्न सक्छ । यसको विपरीत प्रघटनात्मक दृष्टिकोणले प्रत्यक्ष, मूर्त अनुभवका माध्यमबाट अमूर्त आद्यरूपको अवधारणाहरूलाई जीवनमा ल्याउन सक्छ ।

सङ्क्षेपमा, शास्त्रीय मूर्तिहरूका मूल तत्त्वको दृष्टिकोणमार्फत समीक्षा गर्न सकिन्छ । यसले विश्वव्यापी प्रतीक र विषयवस्तुहरूमा जोड दिन्छ । त्यस्तै, घटनाविज्ञान कलाकृतिको प्रत्यक्ष संवेद्य र स्थानीय अनुभवमा केन्द्रित रहेको हुन्छ । सँगसँगै यी दृष्टिकोणले हिन्दु धर्ममा शास्त्रीयताको सांस्कृतिक र आध्यात्मिक महत्त्वलाई व्यापक बोध गराउँछ ।

## प्रघटनाशास्त्रीय दृष्टिकोणमा प्रमिला गिरीका आधुनिक आद्यरूपी मूर्तिहरू

प्रमिला गिरीका आद्यरूपका केही मूर्तिहरु, जस्तै : 'भैरव शृङ्खला' र वातावरणीय मूर्तिकलाहरूलाई प्रघटनाशास्त्रीय दृष्टिकोणबाट व्याख्या विश्लेषण गर्नका लागि मूलतः चार ओटा मूर्तिमा यस अध्ययनलाई केन्द्रित गरिएको छ । यी मूर्तिमा मूलरूपको प्रभाव र अनुभव कसरी नयाँ रूपमा रूपान्तरित भएका छन् भन्ने कुरालाई यस अध्ययनले आधार मानेको छ । यसका लागि वस्तुगत अध्ययनका आधारमा मूर्तिको नमुना छनोट गरिएको छ । मूर्तिकारका प्रतिनिधि मूर्तिहरूबारे यहाँ चर्चा गरिएको छ ।

**यती, वि. सं. २०४०** : 'यती' शीर्षकीय मूर्ति धातुमा निर्माण गरिएको छ । मूर्तिलाई 'गोल्डन रेसियो' (golden ratio) मा संरचना गरिएको छ । यती अर्थात् हिममानवको

आकार प्रकारमा मिथक र विश्वास, यथार्थ र कल्पनाको भरपुर संयोजन रहेको छ । मिथकीय हिममानवको काल्पनिक आकारमा चिम्पान्जी, बाँदर वा हनुमानको आद्यरूपको परि कल्पनालाई देख्न सकिन्छ । ज्यामितीय मांसपेशीयुक्त हनुमानले अमृतमय पहाडलाई उठाए जस्तै गरी आकृतिको दायाँ हातले सुराही, प्याला र गिलासलाई किस्तीमा बोकेका छन् । मुख माथितर्फ फर्किएको र एउटा हात उचालेको यतीको मूर्ति 'बोल्डनेसयुक्त' रहेको छ (मैनाली, २०६१) ।

यसले स्थानीय मौलिकता र रामायणको कथामा वर्णित हनुमानको रामप्रतिको सेवाभाव जस्तै आद्यरूपको अभौतिक भावलाई दर्शाउँछ । हिममानवको शारिरिक बनावटको भाव अमूर्त रहेको छ । मूर्तिको जैविक रूपको गुण ज्यामितीय आकार विपरीत भए तापनि एक किसिमको सुलय पैदा भएको छ । यस मूर्तिलाई प्रघटनाशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्ने हो भने मानवको आद्यरूपको मानकलाई अँगालेर पवनपुत्र हनुमानले पहाड उठाएर ल्याएको धार्मिक कथावस्तुको विम्बमा कल्पना गरिको बुझिन्छ । धर्तीदेखि भार बोकेर वायुमार्गमा उडान भर्दै गन्तव्यसम्म पुऱ्याउने हनुमानको सामर्थ्य वा गुणलाई विम्बाकृतिबाट देखाइएको छ । हाम्रा सांस्कृतिक आद्यविम्बका आधार र वस्तुगत प्रत्यक्ष अवलोकनद्वारा पनि कलाकारले दर्शकलाई हाइडेगरले भने जस्तै विधिको अवधारणालाई व्यक्त गरेका छन् । यस मूर्तिको टेक्सचर, रङ, स्थान (स्पेस) मार्फत दर्शकहरूले यसको भौतिक र संवेगात्म दुवै गुणलाई अनुभूत गर्छन् । यी पक्षका आधारमा नेपाल वायुसेवा निगमको प्राङ्गणमा स्थापित यस मूर्तिले त्यस संस्थाको अस्तित्व र सेवालाई अभिव्यक्त गरेको छ । मूर्तिकलामा



**प्रमिला गिरी, *यती,*** इ. सं. १९८३, धातु, नेपाल वायुसेवा निगम, काठमाडौं

कलाकारको मौलिकता र आद्यरूपी संरचनाको प्रघटनाशास्त्रीय सौन्दर्यको अभिव्यक्ति एक अर्काका परिपूरक बनेका छन् ।

**गणेश, सन् १९८५** : नेपाल दूरसञ्चार संस्थान, सुनधारामा स्थापित प्रमिला गिरीको 'गणेश' मूर्तिकलामा परम्परा र आधुनिकताको अभिनव मिश्रणलाई जोड दिइएको देखिन्छ । मूर्तिकारले परम्परागत पद्धतिबाट हट्दै आफ्नो मूर्तिमा गणेशका प्रतिष्ठित विशेषताहरूलाई कायम राख्दै यसलाई वातावरणीय चेतनाको प्रतीकका

रूपमा प्रस्तुत गरेकी छिन् । उनले परम्परागत मूर्तिकलाको मानकलाई त्यागेर पनि स्थानीयता र समसामयिक सरोकारहरूलाई जोड दिएकी छिन् ।

गिरीको यस सिर्जनाले बहु-भुजा र अनेकौं आयुधहरु जस्ता प्रतिमा विज्ञानका विशेषताहरूलाई छाडेर आधुनिक जीवनको गति र प्रविधिको प्रभावलाई बोकेको पाइन्छ । आधुनिकताभित्र मौलिक सौन्दर्य अभिव्यक्तिको मानकलाई अँगालिएको देखिन्छ । परम्परागत आद्यविम्बसहित प्रस्तुति गरिएको सिर्जनाले कसरी समयको भावनालाई मूर्त रूप दिन्छ भन्नेतर्फ प्रकाश पारेको छ ।

गणेशको प्रतीकात्मकतामा मूर्तिकारको पुनरव्याख्या मुखरित भएको छ । गणेशलाई बुद्धि, ज्ञान र विध्नहर्ताका रूपमा आराधना गरिन्छ । हात्तीको शिरले ज्ञानको प्रतिनिधित्व गर्छ । दूरसञ्चार र सूचनाको विश्वव्यापी आदानप्रदानको सान्दर्भिकतालाई औंल्याउने सन्दर्भमा गणेशको सुँडलाई तलसम्म तन्काएर मूर्तिको मध्य भागसम्म पुऱ्याइएको छ । हात्तीले जमिनका माध्यमबाट भूकम्पीय कम्पनहरु पत्ता लगाउन र उत्पादन गर्न सक्छ । यस्तो कम्पनलाई 'सेस्मिक सिग्नल' (seismic signal) पनि भनिन्छ (Wijayaraja et al., 2024) । तिनलाई हात्तीले खुट्टा र सुँडमा संवेदनशील कोसिकाहरूद्धारा उठाउन सक्छ । फलतः घना जङ्गलभित्र हात्तीहरूले लामो दूरीसम्म सञ्चार गर्न सक्छन् । यी अदृश्य तरङ्गले टाढा टाढासम्म सन्देश वा सूचना प्रसारण गर्न सकिने तथ्य अनुसन्धानले पुष्टि गरेको पाइन्छ । मूर्तिकार गिरीले आफ्नो यस मूर्तिकलामा सञ्चार प्रविधिको परिवर्तनकामी



**प्रमिला गिरी, *गणेश,*** इ. सं. १९८५, नेपाल टेलिकम, सुनधारा काठमाडौँ

शक्तिसँग मिथकलाई अमूर्त भावद्वारा नयाँ अर्थ दिएको देखिन्छ ।

मूर्तिकलाको डिजाइन र मूर्तिको आधार (pedestal) झन्डै 'गोल्डेन रेसियो'मा संयोजन भएकाले मूर्ति सुन्दर देखिएको छ । यसले मूर्तिको सौन्दर्यलाई मात्र अभिवृद्धि गरेको छैन, अपितु गणेशको आद्यप्रतीकवादको दार्शनिक आधारसँग प्रतिध्वनित गर्दै समानुपात र सद्भावको गहिरो बुझाइ पनि दिएको छ ।

यस मूर्तिले दर्शकहरूलाई गणेशको उपस्थितिलाई

प्रत्यक्ष रूपमा अनुभव गर्न आमन्त्रित गर्छ । यस अतिरिक्त यसमा आधुनिक दूरसञ्चारको प्रकृति पनि प्रतिविम्बित भएको छ ।

प्रमिला गिरीको 'गणेश'लाई 'आर्केटाइप'का रूपमा छलफल गर्दा यस मूर्तिले कार्ल युङको सामूहिक अचेतनको सिद्धान्तसँग सामञ्जस्य कायम गर्दै आफ्नो विश्वव्यापी प्रतीकवाद र सांस्कृतिक अनुनादलाई जोड दिएको छ । गणेशसँग सम्बन्धित आख्यानहरूका अतिरिक्त यसले ज्ञान, रूपान्तरण र अवरोधमाथि विजय हासिल गर्नेमानवीय अनुभवलाई पनि इङ्गित गर्छ ।

समग्रमा भन्नुपर्दा प्रमिला गिरीको 'गणेश'ले परम्परा, समसामयिक सरोकार र विश्वव्यापी प्रतीकवाद बिचको सूक्ष्म अन्तरक्रियालाई प्रकाश पार्छ । यसले आधुनिक मूर्ति विधालाई कलात्मक अभिव्यक्ति र सांस्कृतिक प्रवचन दुवै दृष्टिले स्थापित गरिदिएको छ ।

**तेस्रो नेत्र, वि. सं.** २०४२ : राष्ट्रिय बीमा संस्थानमा रहेको 'तेस्रो नेत्र' शीर्षकको मूर्तिलाई मानव चेतना र ज्ञानको आधुनिक अभिव्यक्तिका रूपमा लिन सकिन्छ । यस मूर्तिलाई धातुबाट निर्माण गरी खुला वातावरण स्थापना गरिएको छ । यो मूर्ति वि. सं. २०४२ सालमा स्थापना गरि एको हो ।

'तेस्रो नेत्र'ले कलात्मक ढङ्गले ज्ञान र दूरदर्शिताको आद्यरूपी गहिराइलई बोलेको छ । मूर्ति आधुनिक शैलीमा रचना गरिए तापनि भगवान् शिवको तेस्रो आँखाले मूर्त रूपमा वैदिक परम्पराको समृद्ध प्रतीकवादलाई प्रतिनिधित्व गरेको छ ।

मूर्तिको अगाडि र पछाडिको केन्द्रीय भागमा तेस्रो नेत्र अर्थात् आँखाको चित्रण गरिएको छ । आँखालाई आकृतिको निधारमा देखाइएको छ । अन्य भागलाई गौण रूपमा प्रस्तुत गर्दै आँखालाई महत्त्व दिइएको स्पष्ट रूपमा देख्न सकिन्छ । यस आद्यबिम्बले पौराणिक वैदिक आख्यानहरूमा वर्णित शिवको तेस्रो आँखासँग सम्बन्धित अर्थको गहिरो तहसम्म आकर्षित गर्छ । आन्तरिक दृष्टि, बुद्धि र आध्यात्मिक ज्ञानको प्रतीक यस मूर्तिले दर्शकलाई भौतिक लोकदेखि पर पराभौतिक जगत्तर्फ डोऱ्याउँछ । तीन पाउमा उभिएको मूर्तिको दायाँ बायाँ रहेका प्वालहरूले सघन सत्य र चेतनाको उच्च अवस्थाका प्रवेशद्वारलाई सङ्केत गर्छन् ।

तेस्रो आँखाले द्वैध शक्तिका प्रतीकको रूपमा पनि कार्य गरेको देखिन्छ । यसले सृष्टि र विनाश दुवैलाई मूर्त रूप दिएको छ । यसले अज्ञानता र कुरूपतालाई निर्मूल गर्ने शक्ति अर्थात् आधार प्रदान गर्छ । कलाकारको स्वायत्तता र उत्तरदायित्वको रक्षा गर्दै नियन्त्रण र कानुनी प्रतिबन्धहरूको प्रतिरोध गर्ने आवश्यकतालाई जोड दिँदै, सामाजिक अपेक्षाहरूले कलात्मक रचनात्मकतालाई दबाउन र सामूहिक बेहोसी (collective unconscious) मा हाम्रो पहुँचमा बाधा पुऱ्याउँदा द्वन्द्व देखापर्छ (Read, 2005) । यस भनाइका आधारमा जिम्मेवार र स्वतन्त्रताका साथै नवीकरण र रूपान्तरणको निरन्तर चक्रका लागि आवश्यक उत्प्रेरकका रूपमा पनि लगातार सचेत बनिराख्नुपर्ने हुन्छ । यो दोहोरो प्रकृतिले ब्रह्माण्डमा निहित चिरस्थायी सन्तुलनको प्रतीक, विनाशकर्ता र सृष्टिकर्ता दुवैका रूपमा शिवको ब्रह्माण्डीय भूमिकालाई रेखाङ्कित गर्न सकिन्छ ।



**प्रमिला गिरी, *तेस्रो नेत्र,*** इ. सं. १९८५, नेपाल टेलिकम, सुनधारा काठमाडौँ

यसबाहेक 'तेस्रो नेत्र'ले ज्ञानको प्रकाशका रूपमा काम गर्छ । यसले खोजकर्ताहरूलाई आत्म-प्राप्ति र गहिरो समझको दिशातर्फ मार्गदर्शन गर्छ । यसले भूत, वर्तमान र भविष्यसम्म फैलिएको ईश्वरीय धारणा प्रदान गर्दै अस्थायी सीमाहरू पार गरेको छ । मूर्तिको सर्वज्ञ नजर मार्फत यसले अस्तित्वको रहस्य र सबै वस्तुहरूको अन्तरसम्बन्धलाई प्रकाशमा ल्याएको पाइन्छ ।

सङ्क्षेपमा भन्नुपर्दा 'तेस्रो नेत्र' मूर्तिले आध्यात्मिक जागरण र उच्च चेतनाको खोजको समकालीन अन्वेषणको रूपमा कार्य गर्छ । शिवको तेस्रो नेत्रको कालातीत प्रतीकवादलाई आह्वान गरेर यसले दर्शकहरूलाई अन्तर्दृष्टिको परिवर्तनकारी शक्ति र ज्ञानको अनन्त खोजलाई मनन गर्न आमन्त्रित गर्छ । यसले हाम्रो अस्तित्वको संरक्षणका लागि सचेतना प्रदान गर्दै मूर्तिको औचित्यलाई स्थापित गरेको पाउन सकिन्छ । यसले गहिरो आद्यरूपी महत्त्वका साथै प्रत्यक्ष सौन्दर्य अनुभवको प्रघटनाशास्त्रीय दृष्टिकोणलाई समृद्ध र हरेक मानिसलाई सचेत बनाएको छ ।

**भैरव शृङ्खलाका मूर्तिहरू**

प्रमिला गिरीका आधुनिक 'भैरव शृङ्खला'ले समकालीन नेपाली मूर्तिकलामा गहिरो प्रभाव पारेको पाइन्छ । यसमा व्यक्तिगत धार्मिक अनुभव र आधुनिक सौन्दर्य सिद्धान्तका अतिरिक्त धार्मिक विम्बका परम्परागत आद्यरूपहरू पस्किएको देखिन्छ । यस शृङ्खलाका मूर्तिहरू मूलतः पित्तलबाट बनाइएका छन् ।

नेपालमा भगवान् शिवको संहार रूपमध्ये सबैभन्दा बढी भैरवका बनेका छन् (श्रेष्ठ र महर्जन, २०७४, पृ. ५३) । शिवको क्रोध रूपमा समय र मृत्युको प्रतीक कालभैरवको मूर्तिलाई लिने गरिएको पाइन्छ । विष्णुधर्मोत्तर पुराणमा उल्लिखित वर्णनअनुसार भैरवको लामो पेट, पिङ्गल वर्ण, गोला गोला नयन, ठुल्ठुला दाह्रा रहेका हुन्छन् । उनका भीषण मुहारमा नासापुट,

गलामा नरमाला र सर्पाभूषण तथा शरीरको रङ मेघ समान भएको व्याख्या पाइन्छ (मिश्र, सन् १९७२) । रौद्ररसमा वर्णन गरिएअनुसार भूतप्रेतका साथ मसानमा वास गर्ने भएकाले भैरवलाई भगवान् शिवको क्रुद्ध एवम् भयानक स्वरूप मानिन्छ ।

मूर्तिकार गिरीले भैरवका विम्बलाई आधुनिक मूर्तिकलामा सरल, अमूर्त र आकर्षक रूपमा प्रस्तुत गरेकी छिन् । उनका 'भैरव शृङ्खला'का यी कामहरु निकै प्रभावशाली रहेका छन् ।

मूर्तिको प्राथमिक माध्यमका रूपमा पित्तलको छनौट महत्त्वपूर्ण रहेको छ । भैरवको कालातीत र ऐतिहासिक पक्षलाई मूर्त रूप दिनमा पित्तल माध्यम निकै सहायक बन्न पुगेको देखिन्छ । यस माध्यममार्फत मूर्तिकारले भैरवको भयानक र रहस्यमय प्रकृतिलाई प्रतीकात्मक रूपमा प्रदर्शन गरेकी छिन् ।

मूर्तिकार गिरीका कामहरु सौन्दर्यानुभवमा आधारित रहेका छन् । उनका मूर्तिहरु केवल अमूर्त रूप मात्र होइनन्, अपितु सांस्कृतिक, आध्यात्मिक र अनुभवात्मक महत्त्वका तहहरूले भरिएका छन् (Giri, P. and Christie, 2016) । यी मूर्तिमार्फत मूर्तिकार गिरीले शास्त्रीय कला र संस्कृतिसँगको प्रत्यक्ष साक्षात्कार र आफ्ना व्यक्तिगत धार्मिक अनुभवहरूलाई आधुनिक मूर्तिकलाका भाषामा अनुवाद गरेको देखिन्छ । यसले परम्परागत कला र समकालीन कलाबिच पुलको भूमिका निर्वाह गरेको छ । मूर्तिकारले दर्शकहरूलाई आधुनिक दृष्टिकोणमार्फत परम्परागत आख्यानहरूसँग संलग्न हुन आमन्त्रण गरेकी छिन् ।



**प्रमिला गिरी, *भैरव*,** धातु

भारतीय कवि एवम् समीक्षक केशव मल्लिक (इ. सं. १९२४–२०१४) ले प्रमिला गिरीका कामहरूको सघन अवलोकन गर्दै तिनको विश्लेषण गरेका छन् । उनका अनुसार गिरीका कामले आध्यात्मिक आयाम र सरलीकरणमा कलाकारको क्षमतालाई प्रकाश पार्छ । मल्लिकको विश्लेषणअनुसार गिरीका मूर्तिहरु अमूर्ततादेखि उच्च रहेका छन् । ती सामूहिक संस्कृति र आध्यात्मिक अनुभवहरूको समष्टिगत अभिव्यक्ति हुन् । तिनले दर्शकहरूलाई आध्यात्मिक ज्ञान खोज्न र कलाभित्र प्रवेश गर्नका लागि आकर्षित पार्छन् ।

'भैरव शृङ्खला'लाई एकल र सामूहिक, आधुनिक र प्राचीन, भौतिक र आध्यात्मिक बिचको संवादका रूपमा हेर्न सकिन्छ । यी मूर्तिले धार्मिक

चित्रण मात्र गर्दैनन्, अपितु तिनले दर्शकलाई ध्यान र प्रतिविम्बको स्थानमा आउनका लागि उत्प्रेरित गर्छन् । यो मूर्ति शृङ्खलाले प्रमिला गिरीलाई आधुनिक शैलीका सशक्त मूर्तिकारका अतिरिक्त आधुनिक नेपाली मूर्तिकलाका शिखर व्यक्तित्वका रूपमा समेत स्थापित गरिदिएको छ ।

सङ्क्षेपमा भन्नुपर्दा प्रमिला गिरीका 'भैरव शृङ्खला'ले परम्परालाई आदर गर्दै नवीन पथ निर्माण गर्ने समकालीन कलाको अभीष्ट र सामर्थ्यको उदाहरण प्रस्तुत गरेको छ । उनका कामहरु आधुनिक कलामा सांस्कृतिक आद्यरूपको स्थायी सान्दर्भिकता र आध्यात्मिक श्रेष्ठताको विश्वव्यापी विषयवस्तुको सम्भावनाका प्रमाण बनेका छन् । तिनले व्यक्तिगत र सामूहिक मानव अनुभवहरु दुवैसँग गहिरोसँग सामञ्जस्य कायम गरेका छन् ।

## वैयक्तिक अध्ययन र व्याख्या

वि. सं. २०८० सालको असोज महिनामा सम्पन्न भएको प्रमिला गिरीको प्रदर्शनीको क्याटलगको परिचय खण्डमा उनका कला र उनीसँग भएका संवादलाई विश्लेषण गरिएको छ । यसमा इमेरिटा कला विभाग र अमेरिकी-एसियाली अध्ययन क्यालिफोर्निया स्टेट युनिभर्सिटी, लङविचका प्राध्यापकले कलाकार गिरीका कलाले मानवीय मूल्यहरूको खोजीमा आवाज उठाएको बारे इङ्गित गरेका छन् (Giri, P. and Christie, 2016) । सांस्कृतिक पृष्ठभूमि, ज्ञान, यात्रा, अनुशासन र आत्मदीक्षाले गिरीको कलाको उन्नयनमा महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरिएको छ । उनले शिवका विभिन्न पक्षहरूलाई अध्ययनको विषयका रूपमा लिएकी थिइन् । उनको कलालाई आफ्नै धरातलमा आधारित रहेर परिष्कृत भएर फुल्ने अवसर मिलेको पाइन्छ । यो समसामयिक कलाको विश्वव्यापी तथा महत्त्वपूर्ण दृष्टिकोण पनि हो ।

सो कला प्रदर्शनीमा प्रमिला गिरीका कलाका विविध आयामलाई देख्न सकिन्थ्यो । चहकिला रङ विन्यासयुक्त नेपालदेखि तिब्बतसम्मका शृङ्खलाबद्ध उनका स्मारकीय चित्रहरु धार्मिक कला त होइनन्, किन्तु ती धर्मदेखि सर्वथा पृथक पनि देखिँदैनन् । तिनमा मानवीय अस्तित्व र परिवर्तनको अवस्थालाई महत्त्वपूर्ण रूपमा उजागर गरिएको पाइन्छ । कोरोना महामारी समयका रेखाचित्रहरूमा जीवन र अस्तित्वको सङ्कटलाई सशक्त रूपमा चित्रण गरिएको देखिन्छ । यसअघिको प्रर्दशनीको क्याटलगमा इङ्ग्रिड आल (Ingrid Aall) ले गिरीको कलामा समयको साथै समाजका निर्माताहरूको संवेदनशीलता प्रतिबिम्बित गरिएको छ भन्ने आशय व्यक्त गरेका छन् (उही) ।

प्रदर्शनीको अवलोकन गर्दा उनका कलामा विभिन्न अनुभव र चेतन संरचनाका तार्किक निचोड पाइन्छ । यसले गर्दा भावकले आफ्नो अन्तरदृष्टि र भावनालाई एकीकृत गर्ने आधार बनाउन पाउँछ । ती कलाकृतिमा आद्यरूपको बाहुल्य र कलामा प्रघटनाशास्त्रीय अनुभवले खारिएका विगत दुई दशकका कलाकृतिहरूको सङ्ग्रह समाविष्ट रहेको पाइन्छ । त्यस प्रदर्शनीमा पनि प्रत्यक्ष रङ र आयामको अनुभवलाई महत्त्व दिइएकाले तिनलाई प्रघटनाशास्त्रीय सौन्दर्य अभिव्यक्तिका दृष्टिकोणबाट विश्लेषण गर्न सकिन्छ ।

कलाकार गिरीका धातुनिर्मित 'भैरव शृङ्खला'का अमूर्त विम्बात्मक मूर्तिहरूका अतिरिक्त चित्रहरूको व्याख्यात्मक विश्लेषणका माध्यमबाट पनि हामी

आधुनिक नेपाली मूर्तिकलामा सौन्दर्य अभिव्यक्ति र आद्यरूपका विविध अभिव्यक्तिलाई उजागर गरिएको पाउँछौं ।

ठाकुरप्रसाद मैनालीका 'निर्माण' शीर्षकको विम्बात्मक मूर्तिकलाको उद्‌बोधक यथार्थवाददेखि प्रमीला गिरी र प्रवीणकुमार श्रेष्ठका अमूर्त अन्वेषणसम्म प्रत्येक कलाकारले समकालीन सन्दर्भमा नेपाली मूर्तिकलाप्रति हाम्रो बुझाइलाई परिष्कृत गराउँदै लाने दिशामा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् ।

## नेपाली मूर्तिकलामा आद्यरूपी र प्रघटनात्मक दृष्टिकोणको विश्लेषण

### आद्यरूपी दृष्टिकोण

आद्यरूपी दृष्टिकोण (archetypal approach) ले सामूहिक अवचेतनमा रहेका सार्वभौम प्रतीक र मिथकहरूबारे अध्ययन गर्छ । यसले पौराणिक आख्यान, आकृति र प्रतीकहरूका माध्यमबाट समाजको गहिरो विश्वास र मूल्यहरूलाई उजागर गर्छ । नेपाली मूर्तिकलामा आद्यरूपी दृष्टिकोणले देवता, देवी, र पौराणिक पात्रहरूका मूर्तिहरूमा ध्यान केन्द्रित गर्छ । यसले धार्मिक, सांस्कृतिक र आध्यात्मिक महत्वलाई झल्काउँछ । यसको सन्दर्भमा सन्दर्भमा भैरव मूतिमार्फत थप स्पष्ट गर्न सकिन्छ ।

**भैरवको मूर्ति** : भैरवको मूर्ति उग्र संरक्षकको प्रतीक हो । यसले विनाश र सुरक्षा बिचको द्वन्द्वलाई प्रतिनिधित्व गर्छ । यसले आद्यरूपी दृष्टिकोणमा त्रास र सुरक्षाको सामूहिक भावना प्रकट गर्छ । भैरवको मूर्तिमा धेरै शस्त्रअस्त्रयुक्त भुजाहरूले उग्र अभिव्यक्ति, शक्ति र विनाशको पुरातन विम्बको प्रतिनिधित्व गर्छन् । यसको स्पष्ट अनुभव बसन्तपुरमा रहेको कालभैरवको मूर्तिमा गर्न सकिन्छ । प्रमिला गिरीका आधुनिक कलामा यसको प्रयोग भएको पाइन्छ ।

प्रमिला गिरीको आधुनिक मूर्तिकलामा भएको यस खालको प्रयोगले आद्यरूपी दृष्टिकोणले नेपाली मूर्तिकलाको गहिरो र ऐतिहासिक जरा पत्ता लगाउन मदत गर्छ । यसले मूर्तिहरूमा रहेका प्रतीकहरूका माध्यमबाट समाजको मानसिकता र सांस्कृतिक पहिचानलाई उजागर गर्छ । मूर्तिकलामा रहेका आद्यरूपी प्रतीकहरूले सामूहिक अवचेतनको प्रभावलाई प्रकट गर्छ । यसले समाजको धार्मिक र सांस्कृतिक संरचनालाई बुझ्न महत्त्वपूर्ण भूमिका खेल्छ ।

### प्रघटनात्मक दृष्टिकोण

प्रघटनात्मक दृष्टिकोण (phenomenological approach) ले व्यक्तिले कसरी मूर्तिलाई प्रत्यक्ष अनुभव गर्छ भन्नेबारे अध्ययन गर्छ । यसले मूर्तिकलासँगको अन्तरक्रिया, अनुभूति र चेतनाको महत्त्वलाई उजागर गर्छ ।

नेपाली मूर्तिकलामा प्रघटनात्मक दृष्टिकोणले मूर्तिसँगको व्यक्तिगत र सामूहिक अनुभवबारे विश्लेषण गर्छ । यसले मूर्तिको पूजा, अनुष्ठान, र धार्मिक क्रियाकलापहरूको अनुभवलाई केन्द्रित गर्छ ।

**भैरवको मूर्ति** : भैरवको मूर्तिलाई पूजा गर्नाले भक्तजनमा श्रद्धा र सुरक्षाको भावना उत्पन्न हुन्छ । अनुष्ठान र पूजाका क्रममा मूर्तिसँगको अन्तरक्रियाले मानिसको चेतनामा गहिरो प्रभाव पार्छ । यस्तो अमूर्त भावलाई आधुनिक मूर्तिकलामा के कसरी प्रयोग भएको छ भन्ने कुरा बुझ्न थप मदत पुग्छ । यो कुरा प्रमिला

गिरीका आद्यरूपी मूर्तिकलामा आकार र स्थानको माध्ययमबाट निराकार तत्त्वलाई आधुनिक शैली र अनुभवको माध्ययमबाट सन्तुलित रूपमा अभिव्यक्त गरिएको पाइन्छ ।

प्रघटनात्मक दृष्टिकोणले आधुनिक र परम्परागत नेपाली मूर्तिकलालाई व्यक्तिगत र सामूहिक अनुभवलाई गहिराइमा बुझ्न मद्दत गर्छ । यसले मूर्तिको धार्मिक र सांस्कृतिक महत्त्वलाई व्यक्तिको प्रत्यक्ष अनुभवबाट व्याख्या गर्छ । यसले मूर्तिसँगको अन्तरक्रियाले कसरी व्यक्तिको चेतना र मानसिकतामा प्रभाव पार्छ भन्ने कुरा स्पष्ट गर्छ । यसले समाजको धार्मिक र सांस्कृतिक जीवनलाई गहिराइमा बुझ्न मदत गर्छ ।

समग्रमा आद्यरूपी र प्रघटनात्मक दृष्टिकोणहरूले नेपाली मूर्तिकलाको गहिरो अध्ययन गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् । मूर्तिकलाको वस्तुगत विवरणको बदला कसरी प्रतियमानमा परिवर्तन हुन्छ भन्ने कुराको यसमा परिचर्चा भएको छ । आद्यरूपी दृष्टिकोणले मूर्तिहरूमा रहेका पुराना र सार्वभौम प्रतीकहरूको विश्लेषण गर्छ । यसले समाजको सामूहिक अवचेतन र सांस्कृतिक पहिचानलाई उजागर गर्छ ।

प्रघटनात्मक दृष्टिकोणले मूर्तिहरूसँगको व्यक्तिगत र सामूहिक अनुभवलाई केन्द्रित गर्छ । यसले मूर्तिहरूको धार्मिक र सांस्कृतिक महत्त्वलाई प्रत्यक्ष अनुभवबाट पुनःव्याख्या गर्छ । यी दुबै दृष्टिकोणको सम्मिश्रणले नेपाली मूर्तिकलाको सम्पूर्ण सांस्कृतिक र मानसिक संरचनालाई अध्ययनका क्षेत्रलाई स्पष्ट पार्न सहयोग पुऱ्याएको छ । यसले समाजको धार्मिक, सांस्कृतिक, र सामाजिक जीवनको गहिराइ बुझ्न मदत गर्छ ।

उल्लिखित दृष्टिकोणले प्रमिला गिरीका मूर्तिकलालाई व्याख्या र विश्लेषणको स्पष्ट खाका प्रदान गरेको पाइन्छ । गिरीका आद्यरूपी कलाकृतिहरूको प्रत्यक्ष अनुभवले आधुनिक मूर्तिकलामा भएको प्रयोगको औचित्यलाई एउटा आधार प्रदान गरेको पाइन्छ ।

## निष्कर्ष

आधुनिक नेपाली मूर्तिकलामा सौन्दर्य अभिव्यक्ति र आद्यरूपको घटनाविज्ञानले परम्परा, नवीनता र सांस्कृतिक पहिचानको जटिल अन्तरक्रियाको अन्वेषण गर्न आकर्षक 'लेन्स' अर्थात् दृष्टिकोण प्रदान गरेको छ । नेपाली मूर्तिकारहरूले समकालीन कला संसारको जटिलताहरूको दिशा स्पष्ट गर्ने प्रयासलाई जारी राखेको पाइन्छ । तिनीहरूका कामले सौन्दर्य अनुभवको स्थायी शक्ति र हाम्रो सेरोफेरोका संसारप्रतिको धारणालाई आकार दिने प्रयास भएको देखिन्छ । मौलिक प्रतीकवादको कालातीत प्रतिध्वनिको रूपमा प्रमिला गिरीका आद्यरूपका मूर्तिकला उल्लेखनीय रहेका छन् । उनका मूर्तिहरूले आफ्नो व्यक्तिगत अनुभव, प्रतीक, विम्ब, आख्यानहरु तथा धर्म र संस्कृतिका प्रभावको सामूहिक अचेतनलाई चेतनका स्पर्श, ध्वनि, वासना, सामाजिक विश्वास र अभ्यासलाई मौलिक रूपमा प्रस्तुत गरेको पाइन्छ ।

यसको सहज विश्लेषण उनका प्रतिनिधि वातावरणीय मूर्तिहरु 'गणेश', 'यती', 'तेस्रो नेत्र' र 'भैरव शृङ्खला'का सौन्दर्य अभिव्यक्तिमा प्रघटनाशाश्त्रीय विश्लेषण गर्दा मूलरूपको रूपान्तरण देखापर्छ । कतिपय पहिलेका अध्ययनले यस दृष्टिकोणबाट भन्दा अलग कोणको अवलोकनको चर्चा गरिएको थियो ।

यस अध्ययनले नेपाली आधुनिक मूर्तिकलालाई थप खोजको द्वार खालेको छ । सामान्य दर्शक र कला दर्शनका अध्यता बिचको सम्बन्धलाई मूलरूपको प्रत्यक्ष अनुभवका कसीमा विश्लेषण र व्याख्याको आवश्यकता देखाएको छ ।

## सन्दर्भ सामग्री


मिश्र, इन्दुमती । सन् १९७२ । *प्रतिमा विज्ञान ।* भोपाल : मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी, भारत

मैनाली, लय । २०६१ । आधुनिक नेपाली मूर्तिकला विद्यावारिधि अनुसन्धान । काठमाडौ : नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग, त्रि. वि. ।

भण्डारी, कृष्णप्रसाद । २०५६ । *फ्रायड र मनोविश्लेषण* । ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, जयराम र यमुना महर्जन (सम्पा) । २०७४ । *राष्ट्रिय सङ्ग्रहालयको कला सम्पदा, भाग एक ।* काठमाडौः राष्ट्रिय सङ्ग्रहालय, छाउनी ।

Adamski, A. 2011. Archetypes and the collective unconscious of Carl G. Jung in the light of quantum psychology. *NeuroQuantology, 9(3), 563–571.*

Desmond, W. 2003. *Art, Origins, Otherness Between Philosophy and Art.* State University of New York Press, Albany.

Foucault, M. and J. D. Faubion. 1998. Aesthetics, method, and epistemology. *Essential Works of Foucault, 1954-1984, 2, xliii, 486 p.*

Gault, B., and D. M. Lopes. eds. 2005. *The Routledge Companion to Aesthetics* (2nd ed.). Routledge/This edition published in the Taylor and Francis e-Library,

Giri, P. and B. H. Christie. ed. 2016. *Pramila Giri – Search for Human Values.* Hans Christie Bjonness.

Kramrisch, S. 1981. *The Presence of Siva.* Princeton University Press, Princeton.

Langer, S. K. 1953. *Feeling and Form; a Theory of Art Developed from Philosphy in a New Key.* Macmillan Pub Co. https://doi.org/10.2307/2020671

Read, H. 2005. To Hell With Culture: And other essays on art and society. To Hell with Culture. https://doi.org/10.4324/9780203994665

Shepherd, M., and G. Vajrācārya. 1973. Some Nepalese Stone Sculptures: A Reappraisal within Their Cultural and Historical Context. *Artibus Asiae, 35(1/2), 79–138.* https://www.jstor.org/stable/3249576

Wijayaraja, J. L., Wijekoon, J. L., Wijesundara, M., and Wickramasinghe, L. J. M. (2024). Towards Long Range Detection of Elephants Using Seismic Signals ; A Geophone-Sensor Interface for Embedded Systems. IEEE Access, PP, 1. https://doi.org/10.1109/ACCESS.2024.3401855